# सहकारी क्षेत्रमा प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७९

प्रस्तावना: सहकारिताका माध्यमबाट समुदायमा छरिएर रहेका श्रम, पूँजी, प्रविधि तथा सीपलाई एकीकृत गरी सदस्यको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनका क्षेत्रमा कार्यरत सहकारी संस्था, सहकारीकर्मी, सहकारी संस्थामा आवद्ध कर्मचारी र उद्यमीलाई प्रोत्साहन गर्न प्रदेश सहकारी ऐन, २०७६ को दफा १२४ तथा प्रदेश सहकारी नियमावली, २०७६ को नियम ४१ को उपनियम (१) ले गरेको व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सहकारी ऐन, २०७६ को दफा १३२ को अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "सहकारी क्षेत्रमा प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यालय" भन्नाले कोशी प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयलाई सम्झनु पर्छ।

(ख) "पुरस्कार" भन्नाले सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संघ, संस्था वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य, संस्था वा निकायलाई प्रोत्साहन गर्न प्रदान गरिने नगद पुरस्कार, कदरपत्र वा सम्मानलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सहकारी सम्वन्धी विषय हेर्ने कोशी प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले दफा ५ वमोजिमको समिति सम्झनुर्छ।

(ङ) "रजिष्ट्रार" भन्नाले कोशी प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको प्रमुखलाई सम्झनुपर्छ।

३. पुरस्कार वितरण: (१) पुरस्कारका लागि आवश्यक रकम कार्यालयको बार्षिक वजेटमा व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) वमोजिम प्रत्येक वर्षको राष्ट्रिय सहकारी दिवसका दिन पुरस्कार प्रदान गरिनेछ ।

राम प्रसाद सिटौला
मन्त्री

४. <u>पुरस्कारको किसिम तथा रकमः</u> (१) कार्यालयले सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संघ, संस्था वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य, संस्था वा निकायलाई देहाय बमोजिम पुरस्कार प्रदान गर्न सक्नेछ।

| क.स. | पुरस्कारको नाम | संख्या | पुरस्कारको रकम |
|---|---|---|---|
| १. | सर्वोत्कृष्ट सहकारी संघ, संस्था | १ | सम्मान तथा कदरपत्र |
| २. | उत्कृष्ट विषयगत सहकारी संघ | १ | सम्मान तथा कदरपत्र |
| ३. | उत्कृष्ट सहकारी सस्थाहरु | ३ | सम्मान तथा कदरपत्र |
| ४. | उत्कृष्ट सहकारीकर्मी, सहकारी कर्मचारी र व्यवस्थापक | १ | रु. १०,०००।– (दसहजार रुपैया) र प्रमाणपत्र |

(२) उपदफा (१) बमोजिमको पुरस्कार रकममा नियमानुसारको कर कट्टि हुनेछ।

५. <u>सिफारिस समितिः</u> (१) पुरस्कार छनौटका लागि योग्य व्यक्ति, सहकारी संघ, संस्था छनौट गरि रजिष्ट्रार समक्ष सिफारिस गर्न कार्यालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | बरिष्टतम अधिकृत, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | संयोजक |
| (ख) | शाखा प्रमुख, तालिम तथा योजना शाखा<br>प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | सदस्य |
| (ग) | मन्त्रालयले तोकेको अधिकृत (आठौं/सातौं)<br>उद्योग, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (घ) | रजिष्ट्रारले तोकेको अधिकृत कर्मचारी<br>प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | सदस्य |
| (ङ) | अधिकृत, (सातौं/छैठौं) संस्था संगठन शाखा<br>प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय | सदस्य सचिव |

मन्त्री

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकतानुसार विषयसंग सम्वन्धित वढीमा दुई जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको सचिवालय कार्यालयको संस्था संगठन शाखामा रहनेछ।

६. <u>आवेदन माग गर्ने:</u> (१) पुरस्कार प्राप्त गर्न योग्य व्यक्ति, सहकारी संघ, संस्था लक्षित गरि कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन पेश गर्न कम्तीमा ३० (तीस) दिनको समय दिई आवेदन साथ पेश गर्नुपर्ने विवरण तथा कागजात खुलाई सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

(२) पुरस्कार प्राप्त गर्न चाहने व्यक्ति, सहकारी संघ, संस्थाले उपदफा (१) बमोजिमको सूचनामा खुलाइएका विवरण तथा कागजात संलग्न गरी समितिको सचिवालय समक्ष तोकिएको म्याद भित्र आवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आवेदन दिन चाहाने व्यक्ति, संघ/संस्थाले उपदफा (२) को अधिनमा रही कार्यालयमा विधुतिय माध्यमबाट समेत आवेदन दिन सक्नेछ।

७. <u>छनौटको आधार र विधि:</u> (१) समितिले दफा ६ बमोजिम प्राप्त आवेदनहरुको जाँचवुझ गरी पुरस्कृत हुन योग्य देखिएका आवेदनहरुको देहायका विषयहरुको आधारमा संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

(क) अघिल्लो आर्थिक बर्षको बार्षिक प्रतिवेदन,
(ख) चालु आर्थिक वर्षका मासिक प्रतिवेदनहरु,
(ग) लेखापरिक्षक नियुक्तिको जानकारी,
(घ) नियमक निकायले गरेको अनुगमन पछिको निर्देशन कार्यान्वयनको प्रगति प्रतिवेदन,

(२) पुरस्कार सिफारिसका लागि संघ/संस्था मूल्याङकनको आधार अनुसूची (२) र व्यक्तिका हकमा अनुसूची-३ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिको संक्षिप्त सूची तयार भएपछि समितिले उपदफा (२) बमोजिमका आधार अनुसार पुरस्कृत गरिने व्यक्ति, संघ/संस्था छनौट गरी रजिष्ट्रार समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट गर्दा कुनै विधामा दुइजना व्यक्ति वा संस्था पुरस्कृत हुन योग्य देखिएमा समितिले संयुक्त रुपमा पुरस्कृत गर्ने गरी छनौट गर्न र सिफारिस गर्न सक्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा कुनै व्यक्ति वा संस्था पुरस्कृत गर्न योग्य नदेखिएमा समितिले सोही बेहोरा रजिष्ट्रार समक्ष सिफारिस गर्नेछ।

(६) समितिले पुरस्कार सिफारिसका लागि मूल्याङकन गर्दा कुनै पनि विषयगत सघं सस्थावाट सबै भन्दा बढी अङ्क प्राप्त गर्ने संघ/संस्था सर्वोत्कृष्ट र विषयगत आधारमा उच्च अङ्क प्राप्त गर्ने व्यक्ति, संघ/संस्था उत्कृष्ट हुनेछ।

८. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>बाधा अड्काउ फुकाउने</u>: यस मापदण्डको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा रहनेछ।

प्रसाद सिटौला
मन्त्री

अनुसूची

(दफा ६ को उपदफा [illegible] सँग सम्बन्धित)

१. सहकारी संघ संस्था/व्यक्तिको नाम ..............................................

२. दर्ता मितिः...........................

३. स्थायी ठेगानाः प्रदेश कोशी जिल्ला..............गा.वि.स./न.पा ............................
वडानं........ सम्पर्क ठेगाना ...................... फोन नं..........................
मोवाइल नं ......................
ई–मेल -....................................................

४. सम्मान पुरस्कारका लागि सहकारीमा गरेको योगदान
..........................................................................................................................
..........................................................................................................................
..................................................................................................................

क. सम्वन्धित क्षेत्रमा योगदानको अवधि (वर्ष, महिना)-
..........................................................

ख. यस अघि प्राप्त राष्ट्रिय/ अन्तर्राष्ट्रिय पुरस्कार, सम्मानः-
.......................................................................

ग. शैक्षिक उपाधी/ योग्यताः-
...................................................................

५. दावी गरेको सम्मान पुरस्कारको विषयगत क्षेत्र पुरस्कारका लागि (सम्बन्धित विधामा (v) चिन्ह लगाउने)

| क्र.स. | पुरस्कारको नाम | (v) चिन्ह लगाउने |
|---|---|---|
| १. | सर्वोत्कृष्ट सहकारी संघ, संस्था | |
| २. | उत्कृष्ट विषयगत सहकारी संघ | |
| ३. | उत्कृष्ट सहकारी सस्थाहरु | |
| ४. | उत्कृष्ट सहकारीकर्मी, सहकारी कर्मचारी र व्यवस्थापक | |

६. माथि उल्लेखित बाहेक अन्य योगदान भए सो सम्वन्धी विवरणः
........................................................................................................................
........................................................................................................................

७. सम्मान पुरस्कारको लागि दाबी गरिएको विषय र क्षेत्रगत योगदानको मूल विशेषता
..........................................................................................................
.............................................................................................................

८. संलग्न कागजातहरू:- (प्रकाशित उत्कृष्ट कृति, स्रष्टाको व्यक्तिगत विवरण लगायत सूचनामा उल्लिखित कागजातहरु)...................................................................................................
..........................................................................................................

नोटः- अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।

स्रष्टाको दस्तखतः–

मितिः–

प्रसाद सिटौला
मन्त्री

## अनुसूची- २

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

- सहकारी संस्था मूल्यांकनका आधारहरु

| क्र. सं. | विवरण | कार्यान्वयनको अवस्था | | मूल्यांकन | | मूल्यांकनका आधारहरु पूर्णाक १०० मा गरिने |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | पूर्णांक | प्राप्तांक | |
| क. | **समितिका निर्णय र कार्यान्वयनको अवस्था** | | | | | १५ |
| १ | वार्षिक साधारण सभा नियमानुसार बसे, नबसेको | | | २ | | |
| २ | संचालक समितिको बैठक नियमानुसार बसे, नबसेको | | | २ | | |
| ३ | लेखा समितिको बैठक नियमानुसार बसे, नबसेको | | | २ | | |
| ४ | विभिन्न उपसमितिको बैठक नियमानुसार बसे, नबसेको | | | १ | | |
| ५ | स्टाफ बैठक संख्या नियमानुसार बसे, नबसेको | | | १ | | |
| ६ | समिति तथा उपसमितिको निर्णय कार्यान्वयन भएको, नभएको | | | २ | | |
| ७ | नीति, रणनीति, आन्तरिक कार्यविधि निर्माण भएको, नभएको | | | १ | | |
| ८ | कार्यविधिको परिपालना भए, नभएको (कार्यविधि संख्यामा मापन गर्ने) | | | १ | | |
| ९ | व्यावसायिक योजना र बजेट निर्माण गरे, नगरेको | | | १ | | |
| १० | व्यवस्थापकले मासिक प्रतिवेदन समितिमा पेश गरेको आधारमा समितिले निर्णय लिए, नलिएको | | | १ | | |
| ११ | सञ्चालहरुको तीनपुस्ते विवरण पठाए, नपठाएको | | | १ | | |
| ख. | **संस्थामा रहेको भौतिक स्रोत उपयोगको अवस्था** | | | | | ३ |
| १ | जग्गा (संस्थाको आफ्नै नाममा रहे, नरहेको) | | | ०.५ | | |
| २ | भवन (संस्थाको आफ्नै नाममा रहे, नरहेको) | | | ०.५ | | |
| ३ | बैठक तथा तालिम हलको व्यवस्था भए, नभएको | | | ०.५ | | |
| ४ | शौचालयको सफाइ र नियमित प्रयोग भए, नभएको | | | ०.५ | | |
| ५ | सहकारी वाचनालय रहे, नरहेको | | | ०.५ | | |
| ६ | खानेपानी तथा क्यान्टिनको व्यवस्थापन भए, नभएको | | | ०.५ | | |
| ग. | **वित्तीय विश्लेषण र स्वनियमन** (प्रत्येक सूचकको अधिकतम १.५ का दरले) | | | | | ३० |

प्रसाद सिटौला
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षण ($P_1$,$P_2$ र $P_{2x}$) | | | ४.५ | | |
| २ | प्रभावकारी वित्तीय संरचना ($E_1$,$E_2$,$E_3$,$E_5$,$E_6$,$E_7$ र $E_8$) | | | १०.५ | | |
| ३ | सम्पत्तिको गुणस्तर ($A_1$,$A_2$ र $A_3$) | | | ४.५ | | |
| ४ | प्रतिफल दर र लागत ($R_9$ र $R_{12}$) | | | ३ | | |
| ५ | तरलता ($L_1$,$L_2$ र $L_3$) | | | ४.५ | | |
| ६ | वृद्धिको संकेत ($S_{10}$ र $S_{12}$) | | | ३ | | |
| **घ.** | **जवाफदेहिता र पारदर्शिता** | | | | | ८ |
| १ | साधारण सभा, ले.प. प्रतिवेदन, संचालकको विवरण नियामक निकायमा पेश गरे, नगरेको | | | ३ | | |
| २ | वार्षिक प्रतिवेदन, सूचना पाटी, ह्वाइटबोर्ड, सदस्य वडापत्रको प्रकाशन गरे, नगरेको | | | १ | | |
| ३ | गुनासो पेटिका राखे, नराखेको | | | १ | | |
| ४ | संचालक, लेखासमिति, कर्मचारीहरुले नीति, नियम र आचारसंहिताको परिपालना गरे, नगरेको | | | १ | | |
| ५ | सफ्टवेयर, वेवसाइट, वित्तीय सेवामा प्रविधिका प्रयोग तथा सामाजिक संजालको उपयोग भए, नभएको | | | १ | | |
| ६ | मासिक प्रतिवेदन सार्वजनिक गरे, नगरेको | | | १ | | |
| **ङ.** | **तथ्यांक विवरण एवम संस्थाको प्रोफाइलको प्रयोग** | | | | | ५ |
| १ | कार्यक्षेत्रको कुल जनसंख्या र घरधुरी संख्याको यकिन भए, नभएको | | | ०.५ | | |
| २ | सदस्य संख्या: पालिका तथा वडास्तरीय तोकिएको मापदण्ड बमोजिम रहे, नरहेको | | | ०.५ | | |
| ३ | सदस्यहरुको बचत शेयर र ऋणको विवरण अद्यावधिक भए, नभएको | | | ०.५ | | |
| ४ | ऋणलाई विषयगत, उद्देश्यगत, जोखिमका आधार छुट्याए, नछुट्याएको | | | ०.५ | | |
| ५ | सदस्यहरुको पेशा तथा आर्थिकस्तरको तथ्यांक अद्यावधिक भए, नभएको | | | ०.५ | | |
| ६ | सदस्यलाई दिएको क्षमता विकास तालिम र संख्या उल्लेख भए, नभएको | | | ०.५ | | |

मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | संस्थाको प्रोफाइल अद्यावधिकरण भए, नभएको | | | ०.५ | | |
| ८ | कोपोमिस अद्यावधिक भए, नभएको | | | ०.५ | | |
| ९ | संस्थाको प्रोफाइलका आधारमा संस्थाको सुधार योजना अद्यावधिकरण गरे, नगरेको | | | ०.५ | | |
| १० | वार्षिक प्रतिवेदनको प्रकाशन गरे, नगरेको | | | ०.५ | | |
| **च.** | **सहकारी संस्थाको संचालन उपलब्धी** | | | | | ५ |
| १ | वार्षिक क्यालेण्डर अनुसारको कार्य योजना निर्माण गरे, नगरेको | | | १ | | |
| २ | संस्थाको न्यूनतम कार्यदिन निर्धारण गरे, नगरेको | | | १ | | |
| ३ | अतिरिक्त समयमा सेवा दिए, नदिएको | | | १ | | |
| ४ | आवधिक व्यावसायिक योजना अनुसारका लक्ष्य प्राप्तिको रणनीति बनाए, नबनाएको | | | १ | | |
| ५ | वार्षिक बजेटले लिएको लक्ष्य हासिल भए, नभएको | | | १ | | |
| **छ.** | **सहकारी संस्थाको आर्थिक कार्यप्रणाली** | | | | | ७ |
| १ | मासिक रुपमा आय व्ययको अवस्था विश्लेषण गरे, नगरेको | | | १ | | |
| २ | समयमै खाताबन्दी तथा लेखापरीक्षण सम्पन्न भए, नभएको | | | १ | | |
| ३ | सम्पूर्ण वित्तीय सक्षमता हासिल भए, नभएको (अनुगमन औजारका आधारमा) | | | १ | | |
| ४ | समयमै कर भुक्तानी गरे, नगरेको | | | १ | | |
| ५ | अघिल्लो आ.व.को ले.प.सम्पन्न भए, नभएको | | | १ | | |
| ६ | लेखापरीक्षण प्रतिवेदनले दिएका सबै सुझाव कार्यान्वयन गरे, नगरेको | | | १ | | |
| ७ | नियामक निकायले दिएका सुझाव कार्यान्वयन गरे, नगरेको | | | १ | | |
| **ज.** | **सहकारीका संचालक, शेयर सदस्य र कर्मचारीका लागि सुविधा तथा सहयोग** | | | | | ६ |
| १ | संचालकलाई प्रदत्त सुविधाहरु (भत्ता, दैनिक भ्रमण खर्च, संचार, इन्धन, यातायात) अनुसार रहे, नरहेको: कानूनी आधार | | | १ | | |
| २ | कर्मचारीहरुलाइ सहुलियत (लाभांश, घरभाडा, संचयकोष, उपदान, सामाजिक सुरक्षाकोषमा आवध्दता) रहे, नरहेको | | | १ | | |
| ३ | शेयर सदस्यलाई सुविधाहरु (लाभांश, राहत व्यवस्था, देशदर्शन, सदस्य क्षमता विकास) दिए, नदिएको | | | १ | | |
| ४ | लक्षित समूहलाई छात्रवृत्ति सेवा (जेहेन्दार विद्यार्थी छात्रवृत्ति, लक्षित समूह सेवा) दिए, नदिएको | | | १ | | |

भक्ति प्रसाद सिटौला
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | महिला, बालबालिका, ज्येष्ठ नागरिकलाई विशेष सहुलियतहरु ( विशेषभत्ता, सुविधाहरु तथा छुट सहुलियत व्यवस्था) दिए, नदिएको | | | १ | | |
| ६ | एम्बुलेन्स तथा स्वास्थ्य उपचार सेवा भए, नभएको | | | १ | | |
| झ. | **सहकारी संस्थाको कार्यसम्पादन संस्कृति** | | | | | ६ |
| १ | दोहोरो सदस्यता अन्त्य गरे, नगरेको | | | १ | | |
| २ | श्रम ऐनको परिपालना गरे, नगरेको | | | १ | | |
| ३ | नियमानुसार व्यवस्थापक तथा कर्मचारीको नियुक्ति | | | १ | | |
| ४ | मानव शंसाधन नीति तथा आन्तरिक कार्यविधि तयार गरे, नगरेको | | | १ | | |
| ५ | जिम्मेवारी दिने विधि तयार गरे, नगरेको | | | १ | | |
| ६ | शाखागत वा सेवाकेन्द्रगत जिम्मेवारी दिने विधि गरे, नगरेको | | | १ | | |
| ञ. | **संपत्ति शुद्धिकरण निवारणको प्रयास** | | | | | ६ |
| १ | कार्यान्वयन अधिकारी नियुक्त गरे, नगरेको | | | १ | | |
| २ | STR र TTR पठाएको, नपठाएको | | | १ | | |
| ३ | KYC को व्यवस्था गरे, नगरेको | | | ३ | | |
| ४ | छुट्टै कार्यविधि तयार गरे, नगरेको | | | १ | | |
| ट. | **सदस्य केन्द्रियता मापनको स्तर** | | | | | ६ |
| १ | संस्थापकीय सरोकार | | | २ | | |
| २ | संचालकीय सकृयता | | | २ | | |
| ३ | संरक्षकीय सरोकार | | | २ | | |
| ठ. | **वातावरणीय जनचेतनामा आएका परिवर्तनहरु** | | | | | ३ |
| १ | गाउँटोलको सरसफाइ कार्यक्रम संचालन भए, नभएको | | | १ | | |
| २ | वृक्षारोपण गरे, नगरेको | | | १ | | |
| ३ | वातावरणीय जनचेतना कार्यक्रममा सहभागिता भए, नभएको | | | १ | | |
| | जम्मा | | | १०० | | १०० |

भक्ति प्रसाद सिटौला
मन्त्री

अनुसूची

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

**प्रदेश उत्कृष्ट सञ्चालक/व्यवस्थापक मूल्यांकनका आधारहरु**

१. सहकारी संस्थाको नाम थर :........................................दर्ता मितिः..........................

स्थायी ठेगानाः प्रदेश.................... जिल्ला..............गापा./न.पा .......................वडा नं. सर्म्पक ठेगाना :...........................................
फोन/मोबाइल नं :.........................

ई-मेल :.......................................................

**२. पद : ..................................**

**३. मूल्यांकनका आधारहरु**

क) सहकारी क्षेत्रका विषयमा खोज अनुसन्धान : १०

(शोध, पुस्तक, लेख रचना लेखन तथा सम्पादन)

ख) सहकारी व्यवस्थापन : ३०

(संस्थालाई स्वनियमन, सुशासन र आर्थिक सक्षमता)

ग) सहकारी अभियानमा योगदानः ३०

(संस्था स्थापना, संघ निर्माण, राष्ट्रिय अभियान निर्माण )

घ) सहकारी उद्यमको प्रवर्द्धन र विकास : २०

(उद्यम विकास, रोजगारी सृजनामा योगदान, नवप्रवर्तन, बजार कभरेज, उन्नयन, निर्यात प्रवर्द्धन)

ङ) आफुले नेतृत्व गरेको सहकारी संस्थाको अवस्था : १०

**४. सम्बन्धित विधामा प्रतिभाको योगदान, योग्यता एवं उपाधि :**

| क.स | विवरण | तथ्य |
|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि (वर्ष, महिना) | |
| २ | यस अधि प्राप्त राष्ट्रिय/अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान | |
| ३ | शैक्षिक उपाधी/योग्यता | |

५. माथि उल्लेखित मापदण्ड एवं आधारमा उल्लेख भएबाहेक अन्य योगदान भए सो सम्बन्धी विवरणः..........................................................................................................
..........................................................................................................

नोट : अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ।